जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २८२ पृष्ठः ४ | २०८२ फाल्गुन २१ बिहीबार (Thursday 05 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा पक्राउ परेका जसपा उम्मेदवार यादवसहित पाँच जना रिहा



सिरहा, २० फाल्गुन। प्रतिनिधिसभा निर्वाचनका मौन अवधिमा रकमसहित पक्राउ परेका जनता समाजवादी पार्टी नेपाल ( जसपा) सिरहा- ३ का उम्मेदवार अशेश्वर यादवसहित ५ जनालाई ३ दिनभित्र स्पष्टीकरण बुझाउन निर्देशन दिइएको छ। निर्वाचनको मौन अवधिमा आचारसंहिता विपरीत रकमसहित पक्राउ परेका यादवलाई ३ दिनभित्र स्पष्टीकरण बुझाउन निर्वाचन अधिकृतको कार्यालय सिराहाले निर्देशन दिएको हो। सिराहाका मुख्य निर्वाचन अधिकृत श्रीप्रकाश उप्रेतीले सम्पूर्ण कागजातहरूको अध्ययन पश्चात ३ दिनभित्र स्पष्टीकरण बुझाउने समय सीमा दिइएको बताए।

उनले भने- 'हामीले सम्पूर्ण कागजातहरू अध्ययन गर्‍यौं, तत्काललाई ३ दिनभित्र स्पष्टीकरण बुझाउने मौका दिएका छौं। उहाँहरूले बुझाएको स्पष्टीकरण र प्रमाणहरूको आधारमा थप प्रक्रिया अगाडी बढ्छ।' उनले पक्राउ परेका ५ जनालाई तत्काल छोडिएको जानकारी दिए। बरामद रकम र गाडीसहितका सामाग्री तत्काललाई सिज गरिएको उप्रेतीले जानकारी दिए। उनले अहिले अनुसन्धान जारी रहेको र निर्वाचन कानुनअनुसार कारबाही हुने समेत बताए।

प्रहरीले गएराति मौन अवधिका बेला नेपाल-भारत सीमा क्षेत्र अन्तर्गत माडरबाट ४ लाख ८७ हजार रुपैयाँसहित यादवलाई नियन्त्रणमा लिएको थियो। माडरबाट सिराहा सदरमुकामतर्फ आउँदै गरेको प्र.२-०२-००१ च ०८७ नम्बरको स्कारपियो गाडीमा संयुक्त चेकजाँच गर्ने क्रममा उक्त रकमसहित यादव नेतृत्वको समूह पक्राउ परेको थियो। यादवसहित विष्णुपुर ५ लक्ष्मीपुरका ३२ वर्षीय श्यामकुमार यादव, ३५ वर्षीय रामप्रवेश यादव, ४० वर्षीय बप्रेन्द्रकुमार यादव र सवारी चालक नरहा ३ का २८ को जितेन्द्रकुमार महतो पनि पक्राउ परेका थिए।

-बाँकी दुई पेजमा

## सिराहाका दुई उम्मेदवार जसले हाल्न पाउँदैनन् आफैंलाई भोट

**मणिलाल विश्वकर्मा**

लहान, २० फाल्गुन। प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत बिहीबार हुने मतदानमा सिराहाका दुई उम्मेदवारले आफैँलाई भोट हाल्न नपाउने भएका छन्। सिरहा निर्वाचन क्षेत्र नं. १ का स्वतन्त्र उम्मेदवार सन्तोष सिलवाल र क्षेत्र नं. २ श्रम संस्कृति पार्टीका उम्मेदवार गंगाराम ठाकुरले आफ्नो भोट आफैँलाई हाल्न नपाउने भएका हुन्।
काठमाडौं टोखा नगरपालिका- ५ धापासी घर भएका सिलवालको नाम मतदाता सूचीमा नाम उतै भएकाले आफ्नो लागि भोट हाल्न नपाउने भएका हुन्। त्यस्तै, ठाकुरको नाम क्षेत्र नं. ३ मा पर्ने गोलबजार नगरपालिका- ६ स्थित जनहित मा.वि. डोहटिया मतदानस्थलमा भएकाले उम्मेदवार भए पनि आफ्नो भोट अन्यलाई दिनुपर्ने, तर आफूलाई दिन नपाउने भएका हुन्।

सिरहाको चारवटा निर्वाचन क्षेत्रबाट विभिन्न सानाठुला दल र स्वतन्त्र गरी एक सय ३८ जना प्रतिस्पर्धामा छन्। निर्वाचनमा विभिन्न दलबाट तीन र पाँच स्वतन्त्र गरी आठजना महिलासहित ५३ दलीय र ८५ स्वतन्त्र उम्मेदवार छन्। कुल चार लाख ५३ हजार ६४५ मतदाता रहेको जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा दुई लाख ४१ हजार ६१५ पुरुष, दुई लाख १२ हजार २८ महिला र दुई अन्य मतदता रहेको जिल्ला निर्वाचन कार्यालय सिरहाले जनाएको छ।

जिल्ला निर्वाचन अधिकारी राजन श्रीवास्तवका अनुसार निर्वाचनका लागि जिल्लाभर पाँच सय ३४ मतदान अधिकृत, त्यति नै संख्यामा मतदान अधिकृत, जिल्ला

-बाँकी दुई पेजमा

## २५ हजारसहित एक पक्राउ

जनार्जन खत्री

सर्लाही, २० फाल्गुन। सर्लाहीको हरिपुर्वामा मंगलबार राति २५ हजार रुपियाँ नगदसहित एक जना पक्राउ परेका छन्। चुनावको मौन अवधिमा मतदातालाई बाँड्न उक्त पैसा बोकेको हुनसक्ने आशङ्का गरिएको छ। नगदसहित पक्राउ पर्नेमा सर्लाहीको क्षेत्र नं. २ स्थित हरिपुर्वा नगरपालिका-२, का ६५ वर्षीय पुरुषोत्तम यादव रहेका छन्।

यादवलाई मंगलबार राति ११

-बाँकी दुई पेजमा

## पर्सा-२ का नेकपा उम्मेदवार चौधरीसहित चार जना पक्राउ

**कन्हैयालाल केशरी**

पर्सा, २० फाल्गुन। जिल्ला प्रहरी कार्यालय पर्सा र सशस्त्र प्रहरी बलको संयुक्त गस्ती टोलीले मंगलबार राति पर्सागढी गाउँपालिका-३, बढनियारबाट पर्सा क्षेत्र नं. २ का नेकपा उम्मेदवार




मनोज चौधरीसहित चार जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी उपरीक्षक सुदीप राज पाठकका अनुसार संयुक्त गस्तीका क्रममा उम्मेदवार चौधरी सवार बा १० च १२५० नम्बरको कारको डिक्कीमा शंकास्पद वस्तु फेला परेपछि चौधरीसहित अन्य तीन जनालाई नियन्त्रणमा लिइएको हो।

पक्राउ पर्नेहरूमा बारा जिल्ला प्रसौनी गाउँपालिका-४ का साहब आलम अन्सारी, धनुषाधाम नगरपालिका-९ का सुरज कार्की र पर्सागढी गाउँपालिका-३ का सत्यनारायण थारू रहेका छन्। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। यसैगरी,

-बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## तनाव व्यवस्थापनका तरिका

- नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्रा र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आ नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## युद्ध प्रभावित क्षेत्रका नेपालीको सुरक्षा

इरानमाथि अमेरिका र इजरायलको हमलाबाट थालिएको युद्ध लम्बिने लक्षण देखिएको छ। यसबाट समस्त मध्यपूर्व प्रत्यक्ष प्रभावित भएको छ भने सम्पूर्ण विश्व नै कुनै न कुनै रूपमा प्रभावित हुने देखिन्छ। वैदेशिक रोजगारीको प्रमुख गन्तव्य मध्यपूर्वमा युद्ध चर्किंदा नेपालीहरू पनि प्रत्यक्ष जोखिममा परेका छन्। इरानले युद्धलाई मध्यपूर्वभर विस्तार गराउने रणनीति अपनाएजस्तो देखिएको छ। इजरायल र अमेरिकाका सहयोगी मुलुकहरूमाथि क्षेप्यास्त्र प्रहार गरेर इरानले युद्धलाई फैलाएको देखिन्छ। यस्तो आक्रमण र प्रत्याक्रमणको क्रम रोकिएन भने त्यस क्षेत्रमा रहेका नेपाली कामदारहरूको रोजगारी गुम्नुका साथै असुरक्षाको जोखिम पनि बढ्नेछ।

सम्भवतः यिनै कारणहरू दृष्टिगतगरी राष्ट्रिय मानवअधिकार आयोगले आइतबार विज्ञप्ति नै जारी गरी युद्धप्रभावित मुलुकमा रहेका नेपालीको सुरक्षा र उद्धारका लागि सरकारलाई आग्रह गरेको हो। यसैगरी मध्यपूर्वमा रहेका नेपाली नागरिकहरूको सुरक्षा तथा आपत्कालीन समन्वयका लागि गैरआवासीय नेपाली संघले पनि सरकारसँग माग गरेको छ। त्यसो त नेपाल सरकारले पनि युद्ध प्रभावित क्षेत्रमा रहेका नेपालीको सुरक्षा र सम्भावित उद्धारका लागि 'र्‍यापिड एक्सन टिम' गठन गरेको समाचार सार्वजनिक भएको छ। परराष्ट्र मन्त्रालयले गठन गरेको टोलीले सरकारका विभिन्न मन्त्रालयका साथै मित्रराष्ट्रहरू एवं अन्तर्राष्ट्रिय संघसंस्थासँग समेत समन्वय गर्ने जनाइएको छ।

सरकारको तदारुकता हेर्दा नेपाली नागरिकको सुरक्षा र आवश्यक भए उद्धारका लागि पनि कुनै समस्या नहुने अपेक्षा गर्न मिल्छ। तर, नेपालको सरकारी कामकाज हेर्दा भने परराष्ट्र मन्त्रालयको टोली कागजमै सीमित हुने र युद्धग्रस्त क्षेत्रका नियोगका अधिकारी आदेश र बजेट पर्खेर बस्ने सम्भावना बढी देखिन्छ। यति ठूलो मानवीय संकटका समयमा पनि सरकार परम्परागत निवेदन र निकासाको चक्करबाट बाहिर निस्केर काम नगर्ने हो भने समस्या समाधान हुनसक्तैन। पक्कै पनि सरकारी कामकाजमा लेखा मिलाउनेदेखि आदेश लिनेसम्मको प्रक्रिया पूरा गर्नुपर्छ। तर, मानवीय संकटका बेला यस्ता प्रक्रियाहरू थाती राख्नुपर्ने पनि हुनसक्छ। मानवीय संकटमा नियम वा प्रक्रिया तगारो बन्न दिनुहुँदैन।

नेपाली जनता भएकाले युद्ध प्रभावित क्षेत्रमा रहेका नागरिकको सुरक्षा राज्यको पहिलो प्राथमिकता त हुँदै हो विप्रेषण पठाएर मुलुकको अर्थतन्त्रलाई टेवा दिने हुनाले पनि सरकारले उद्धारमा विशेष चासो देखाउनुपर्छ। विगतमा जस्तो सरकार निवेदन पर्खेर नबसोस्। त्यस क्षेत्रका नागरिकसँग तत्काल प्रत्यक्ष सम्पर्क राख्ने प्रयास गरियोस्। युद्ध छिटै सकिएमा उनीहरूको उद्धार गर्नु नपर्ने पनि हुनसक्छ। त्यस अवस्थामा पनि राज्यले आपत् पर्दा सम्पर्क गरेको सम्झेर नागरिकहरू पनि सरकारप्रति अनुगृहित हुनेछन्। यसैले तत्काल सम्पर्क राख्ने र सुरक्षाको चासो देखाउने कामले नागरिकहरूको मनोबल पनि बलियो हुनेछ। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सरकार कर्तव्यमा नचुकोस्।

### सिराहामा पत्राउ ...

मौन अवधिमा आर्थिक लेनदेन गर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३० को उपदफा (१) र (२) बमोजिम जरिवाना गर्न सक्ने आचारसंहितामा उल्लेख छ।

आचार संहितामा ६ महिनासम्म जरिवाना नबुझाउने उम्मेदवारलाई आयोगले तत्काल लागू हुनेगरी बढीमा ६ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने व्यवस्था समेत रहेको छ।

### सिराहाका ...

कारागार र नेपाली सेनाको चोहर्वास्थित नन्दाबक्स गण गरी तीनवटा अस्थायी केन्द्रबाहेक हरेकमा तीन–तीनजना सहयोगी गरी चार हजार सात सय ९४ जना कर्मचारी खटिएका छन्। निर्वाचन सुरक्षाका लागि जिल्लाभर एक हजार चार सय नेपाल प्रहरी, ६ सय नेपाली सेना, सात सय सशस्त्र प्रहरी र तीन हजार आठ सय निर्वाचन प्रहरीसहित हरेक पालिकामा दुई–दुईजनाको दरले राष्ट्रिय अनुसन्धानका कर्मचारी परिचालन गरिएको छ।

### २५ हजारसहित...

बजेतिर सशस्त्र प्रहरीको गस्ती टोलीले स्रोत नखुलेको रकमसहित नियन्त्रणमा लिएर आफूहरुलाई बुझाएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी सरोज राईले जानकारी दिनुभयो। यादवलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मलंगवा लगिएको छ। चुनावको मौन अवधि अर्थात शून्य समयमा कतिपय राजनीतिक दल तथा उम्मेदवारले मतदातालाई आर्थिक प्रलोभन देखाउने तथा नगद नै वितरण गर्ने गरेको गुनासो सुनिने गरेको छ।

# चुनावी राजनीतिभित्र दलित मुक्तिको प्रश्न



घम्बर नेपाली

राजनीतिको मूल ध्येय सत्ता प्राप्ति हो। सत्ता हासिल गर्ने मूलतः दुई तरिका छन एउटा चुनावी मोर्चा, अर्को विद्रोहको मोर्चा। विद्रोहको मोर्चा प्रायः हिंसात्मक हुन्छ। त्यस्तो हिंसामा कयौँ मानिसको बलिदान हुन सक्छ। निकै कष्टसाध्य यात्रा पार गरेर मात्र विद्रोहको माध्यमबाट सत्ता हासिल हुन्छ या बीचमै तुहिने सम्भावना पनि उत्तिकै रहन्छ।

विद्रोह सफल हुन वस्तुगत परिस्थिति, जनसमर्थन, नेतृत्व क्षमतादेखि रणनीतिक कौशलता, कार्यनीतिक चाललगायत धेरै पाटापक्षहरूको सन्तुलन हुन जरुरी हुन्छ। त्यसैले सत्ता प्राप्तिका लागि विद्रोहको बाटो निकै कम प्रयोग हुने भए पनि अन्तिम उपायका रूपमा धेरै प्रयोग भएको पाइन्छ। नेपालमा ००७ सालको क्रान्ति, ०४६ सालको जनआन्दोलन, माओवादी जनयुद्ध, दोस्रो जनआन्दोलन, जेनजी विद्रोह सत्ता प्राप्तिका लागि भएका विद्रोही तरिकाहरू हुन्। सत्ता प्राप्तिको सर्वव्यापी प्रचलित उपाय भने चुनावी मोर्चा हो। यो प्रायः हिंसारहित हुन्छ। बालिग नागरिकहरूको व्यापक सहभागिता चुनावको मेरुदण्ड हो। त्यसकारण आधुनिक राज्य प्रणालीमा सत्ता हासिल गर्ने वैधानिक उपायका रूपमा चुनाव झन्डै सर्वस्वीकार्य जस्तै छ।

खासगरी लोकतान्त्रिक व्यवस्था अपनाइने राज्यहरूमा चुनावलाई प्राण वायुको रूपमा लिने गरिन्छ। निश्चित अवधिभित्र वायु लिएर शासन व्यवस्थालाई सजीव राखिराख्ने उत्तम उपायको रूपमा चुनावलाई विश्वभरि करिब सबै देशहरूमा प्रयोग गरिन्छ। प्रतिनिधिमूलक सरकारका लागि १७औँ शताब्दीतिर युरोप र अमेरिकाबाट चुनावको सुरुवात भएको थियो। नेपालमा जनताले मतदान गरेको पहिलो चुनाव ०१५ सालको हो। त्यसयता ६ वटा पञ्चायतकालीन, ३ वटा बहुदलीय व्यवस्थाताका, २ वटा संविधानसभा निर्वाचन र २ वटा चुनाव ०७२ को संविधान जारी भइसकेपछि सम्पन्न भएका छन्। हाल जेनजी विद्रोहपछि सुशीला कार्की नेतृत्वको सरकारले प्रतिनिधिसभाको चुनाव गराउन लागेको छ।

**दलित समुदाय र चुनावको अर्थ**

विकासको दृष्टिले सबैभन्दा पिँधमा परेको छ दलित समुदाय। गास, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारलगायत मानव विकास सूचकाङ्कको पुछारमा दलित समुदाय पर्छ। जलवायु परिवर्तन, प्राकृतिक प्रकोप तथा अरू जुनसुकै विपद्को पहिलो जोखिममा छन् दलितहरू। नेपालका सुकुम्बासीहरूमध्ये बहुसङ्ख्यक दलितहरू पर्छन्।

भूमिहीनमध्ये दलितहरू नै अधिक सङ्ख्यामा छन्। अर्थात् गरिबीको रेखामुनि रहेका को रहेछन् भनेर आँकडा हेर्‍यो भने सजिलै दलित समुदायलाई बेसी देख्न सकिन्छ। यी सबै समस्या गैरदलितहरूले पनि थोरबहुत भोग्दै आइरहेका छन्। दलितहरूको सबैभन्दा पीडादायी समस्या हो, आत्मसम्मानको। समाजमा दलितहरूमाथि निश्चित जातमा जन्मिएकै आधारमा अझै पनि विभेद र छुवाछूत गरिन्छ। यस्तो अमानवीय र घृणित व्यवहारले गर्दा आज ४० लाखभन्दा धेरै दलितहरू अमान्छेको जीवन जिउन अभिशप्त छन्।

चुनाव राज्यसत्ता प्राप्त गर्ने वैधानिक मार्ग भएकाले यसको अर्थ दलित समुदायका लागि सबैभन्दा धेरै हुनुपर्ने हो। किनकि दलित मुक्तिको प्रश्न पनि राज्यसत्तासँगै अभिन्न रूपमा जोडिएको छ। जहिलेसम्म दलित समुदायको पक्षमा वा नेतृत्वमा राज्यसत्ता हुँदैन, जात व्यवस्थाको समस्या हल हुने कुनै छेकछन्द देखिँदैन। चुनावबाट बन्ने विधायिकाले कानुन बनाउने हो। त्यस्तो अब्बल कानुन जसले जातीय विभेद र छुवाछूतलाई निमिट्यान्न पार्न सक्छ। त्यस्तो अधिकार जसले दलितलाई ऐतिहासिक क्षतिपूर्तिसहित विशेषाधिकार दिन सक्छ। त्यस्तो राज्य संयन्त्र जहाँ दलित समुदायलाई अरूसरह समान हुन पहिलो प्राथमिकता दिइन्छ। यी र यस्ता कयौँ कानुन मात्र होइन, संविधान नै फेर्ने ल्याकत राख्छ चुनावले।

तथापि यहाँनेर एउटा गम्भीर प्रश्न उठ्छ– यति धेरै सम्भावना बोकेको चुनावले किन नेपालमा दलितहरूको मुक्तिका लागि काम गरेन त ? त्यसका लागि फेरि हाम्रो राज्य शक्तिको संरचना र त्यसको दलित सम्बन्धलाई ऐतिहासिक दृष्टिबाट नियाल्नुपर्ने हुन्छ। आधुनिक राज्यको जग पृथ्वीनारायण शाहको राज्य विस्तारसँगै सुरु भएको हो। ०६३ सम्म शाह वंशकै प्रत्यक्ष–परोक्ष सत्तामाथि वर्चस्व रहिरह्यो। त्यसबीचमा १०४ वर्ष राणाहरूको कब्जामा राज्यसत्ता पुग्यो। ००७ सालपछिका केही वर्ष र ०४६ सालपछि भने राजनीतिक दलहरूले आफ्नो नेतृत्वमा सत्ता चलाउने अवसर पाए।

जो सुरुमा विद्रोहमार्फत र त्यसपछि चुनावमार्फत सत्ता चलाउँदै आएका छन्। ती सबै क्रान्ति र चुनावको नेतृत्व गर्ने निर्णायक भूमिकामा गैरदलित र मूलतः आर्य, खसहरूकै वर्चस्व रहँदै आएको छ। जसको प्रत्यक्ष प्रभाव संसदीय चुनावमा पर्ने गर्छ र उनीहरूले बनाउने नीति र नेतृत्वमा दलितहरू जहिल्यै सीमान्तकृत हुनुपरेको यथार्थ छर्लङ्गै छ। अर्को महत्वपूर्ण पाटो भनेको वर्गीय उत्थानसँग जोडिन्छ। सत्ता स्रोतमाथि नियन्त्रण गर्ने साधन भएकाले साझेदार बनाउँदा आफ्नो वर्चस्व गुम्ने डर देख्छन्। यही निश्चित जात, वर्ग, लिङ्ग, क्षेत्र, धर्मको आडमा संरचनागत लाभांश लिइरहने वर्चस्वशाली मानसिकता नै दलितका लागि चुनाव अर्थपूर्ण नहुनुको खास कारण हो।

**दलितको योगदान र अधिकारको दाबी**

त्यसो त दलितहरूले यो देश निर्माणमा गैरदलित जत्तिकै र श्रमको क्षेत्रमा कयौँ गुणा धेरै योगदान गर्दै आएका छन्। किनकि वर्ण व्यवस्था कानुनअनुसार दलितहरूको जिम्मेवारी सेवा गर्ने थियो। नेपालको राज्य विस्तारदेखि हालसम्म पनि दलितहरूले यो भूमिका इमानदारीपूर्वक निर्वाह गर्दै आइरहेका छन्। ००७ सालमा देशमा प्रजातन्त्र आइसकेपछि दलितहरू पनि फ्याट्टफुट्ट राजनीतिमा देखिन थाले।

पञ्चायतकालमा राजाले एक–दुई दलितलाई टिपेर मन्त्री पनि बनाइदिए। बहुदलीय व्यवस्थासम्म आइपुग्दा एक–दुई जना दलितहरू सांसद बन्न सफल भए। नेपालको पहिलो संविधानसभामा भने पहिलोपटक ७ प्रत्यक्ष र ४३ जना समानुपातिक गरी ५० जना दलितहरू सभासद् बने। जुन ऐतिहासिक सुरुवात थियो। तर दोस्रो संविधानसभादेखि यो प्रक्रिया ओरालो लाग्यो। चुनावपछि बनेका हरेक सरकारमा एक जना मन्त्री बन्न पनि दलितलाई निकै कठिन हुँदै आयो।

अहिले प्राप्त सीमित राजनीतिक उपलब्धि पनि दलितहरूले कुनै दयामायामा पाएका होइनन्। बरु गैरदलितकै दाँजोमा र त्योभन्दा बेसी योगदान र बलिदानको उपज हो। माओवादी जनयुद्धमा मात्र एक हजार ६ सय ८७ जना दलितहरूको बलिदान भएको छ। दोस्रो जनआन्दोलनमा ३ जना दलितहरूको शहादत भएको थियो। गत जेनजी विद्रोहमा पनि ६ जना दलितहरूले रगत बगाएका छन्। ती विद्रोह, क्रान्ति र आन्दोलनको अग्रमोर्चामा लड्दालड्दै उनीहरूले आफ्नो बलिदान दिनुपरेको हो। विडम्बना, ती क्रान्ति र आन्दोलन हाँक्ने दलको निर्णायक तहमा दलितहरू कहिल्यै भएनन्।

**दलहरूको उपेक्षा**

संघीय लोकतान्त्रिक गणतन्त्रमा देश गइसकेपछि नेपालमा दलहरू हवात्तै बढेका छन्। अझ यसो भनौँ– हाम्रो निर्वाचन प्रणालीले पनि दलहरूको सङ्ख्या बढाउन मद्दत गरेको छ। हाल निर्वाचन आयोगमा १३७ राजनीतिक दल दर्ता भएका छन्। जसमध्ये ६५ राजनीतिक दलले आसन्न प्रतिनिधिसभाको निर्वाचनका लागि प्रत्यक्षतर्फ उम्मेदवारी दिएका छन्।

यसअन्तर्गत राजनीतिक दल र स्वतन्त्र गरी जम्मा ३,४०६ उम्मेदवारी दर्ता भएका छन्। तीमध्ये २३२ (६.८१ प्रतिशत) जना दलित उम्मेदवार रहेका छन्। जसअन्तर्गत नेकपा (एमाले) बाट २ जना, नेपाली कांग्रेसबाट १ जना, नेपाली कम्युनिस्ट पार्टीबाट २ जना, राष्ट्रिय स्वतन्त्र पार्टीबाट २ जना, जनता समाजवादी पार्टी नेपालबाट ७ जना, श्रम संस्कृति पार्टीबाट ८ जना, जनमत पार्टीबाट १ जना, नागरिक उन्मुक्ति पार्टीबाट १ जना, उज्यालो नेपाल पार्टीबाट ४ जना, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट ६ जना र नेकपा (माओवादी) बाट २० (१५.३८ प्रतिशत) जनाले उम्मेदवारी दर्ता गराएका छन्।

समानुपातिकतर्फ भने १३.८ प्रतिशत प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ मा किटान गरिएको हुँदा सोहीअनुसारको बन्दसूची बुझाउन दलहरू बाध्यकारी छन्। यहाँनेर दलहरू दलितप्रति कति उदार, संवेदनशील, समावेशी, लोकतान्त्रिक वा प्रतिबद्ध रहेछन् भनेर जाँच्ने एउटा कसी प्रत्यक्ष निर्वाचनमा उनीहरूको उम्मेदवारी हो। कम्तीमा पनि हरेक दलले १३.८ प्रतिशत उम्मेदवार दलित समुदायबाट उठाउनुपर्ने हो। अझ दलित मुक्तिलाई छिटो सम्भव बनाउनुपर्छ भन्ने दलहरूले २०/२५ प्रतिशत उम्मेदवारी सुनिश्चित गरिनुपर्ने हो।

अफसोच, देशको ठूलो पार्टी मानिएको एमालेले जम्मा २ जना मात्र उम्मेदवार दलितलाई बनाउँछ। ०६४ सालको संविधानसभा चुनावमा ७ जना प्रत्यक्ष निर्वाचित गराएको तत्कालीन माओवादी (हाल नेपाली कम्युनिस्ट पार्टी) ले जम्मा २ जना मात्र उम्मेदवार दलित उठाउनु प्रतिगमन नभए के हो ? आफूलाई सर्वाधिक लोकतान्त्रिक पार्टी दाबी गर्ने नेपाली कांग्रेसले एक जना मात्र दलित उम्मेदवार बनाउन कस्तो लाजसरम नलागेको ? आफूलाई वैकल्पिक दाबी गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीले जम्मा २ जना दलित मात्र योग्य देखेको हो ?

जेनजी विद्रोहपछि नयाँ दलको रूपमा उदाएका भनिएका उज्यालो नेपाल पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टीहरूको हालत पनि पुराना दलहरूभन्दा तात्विक रूपमा भिन्न देखिएन। विप्लव नेतृत्वको नेकपा (माओवादी) अपवाद बनेको छ। यो दलित समुदायमाथि गैरदलित नेतृत्वको उपेक्षा मात्र होइन, निरन्तर वर्चस्वको पुनरावृत्ति पनि हो।

**निष्कर्ष**

लोकतन्त्रको एउटा बलियो खाँबो हो, सामाजिक न्याय। समाजमा ऐतिहासिक विभेद र अन्यायमा पारिएका जात, जाति, लिङ्ग, समुदायलाई मूलधारमा नल्याएसम्म सामाजिक न्यायको खाँबो दरिलो हुन सक्दैन। अझ राज्यबाटै लादिएको उत्पीडनको पिँधमा परेका दलित

–बाँकी अन्तिम पेजमा

### चुनावी राजनीतिभित्र...

समुदायलाई कमसेकम पनि समान हैसियतमा रूपान्तरण गर्न नचाहने दलहरू कसरी लोकतान्त्रिक हुन सक्छन् ? झन्डै एक चौथाइ जनसंख्याको सहभागिताविना कसरी लोकतन्त्र सुदृढ हुन सक्छ ? सहभागिता केवल भोट हाल्ने मात्र होइन, उनीहरूको शासन सञ्चालनमा न्यूनतम समानुपातिक हिस्सेदारी हो ।

नेपालको संविधान, २०७२ ले नै सबै व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक ग्यारेन्टी गरेको छ । मौलिक हकभित्रै समानताको हक, सामाजिक न्यायको हक, स्वतन्त्रताको हकहरू व्यवस्था गरेको छ । मौलिक हकअन्तर्गत नै दलित हकमा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक सुनिश्चित गरिएको छ ।

यसरी हेर्दा हरेक दलले दुवै निर्वाचन पद्धतिमार्फत दलितलाई समानुपातिक प्रतिनिधित्व नगराउनु गैरसंवैधानिक देखिन्छ । तथापि नेपाली दलहरू कानुनी छिद्रहरूमा नै खेल्न माहिर भइसकेकाले कानुनमा किटेर नलेख्दासम्म दलितमुखी बन्ने सम्भावना फिटिक्कै देखिएन । खासगरी विद्यमान दलहरू र उनीहरूमार्फत सञ्चालन हुँदै आएको राज्यको चरित्रलाई हेर्दा दलितमैत्री र संवेदनशील पाउन निकै कठिन छ । केही ठाँठाबाठा तरमारा, धनाढ्य, कुलीन गैरदलितहरूको मात्र हालिमुहाली हुने निर्वाचन दलितका लागि 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात' जस्तो हुँदै आएको छ ।

तीन हजार वर्षदेखि कानुन बनाएरै पाखा लगाइएका दलित समुदायलाई ऐतिहासिक क्षतिपूर्तिसहित विशेषाधिकारको नीति लागू गर्न सके सारभूत रूपमा न्यायको अनुभूति हुनेछ । त्यस प्रकारको नीति, नेतृत्व र व्यवहारले मात्र दलित समुदायलाई आफू अनुकूलको कानुन निर्माणदेखि शासन गर्ने थलोमा हिस्सेदारी सुनिश्चित गर्नेछ । दलितलाई 'भोट बैंक'को रूपमा मात्र हेर्ने औपचारिक चुनावले वास्तविक दलित मुद्दालाई हल गर्ने ल्याकत राख्नै सक्दैन । बरु यसले देशलाई थप द्वन्द्व र अस्थिरतातिर धकेल्ने निश्चित छ । (लेखक दलित अध्येता हुन् ।) रातोपाटीबाट

### पर्सा–२ का नेकपा ...

संयुक्त सुरक्षा टोलीले मंगलबार राति वीरगञ्ज महानगरपालिका–१६, इनर्वाबाट नौ थान सुतली बम र सुँगुरको एउटा टाउकोसहित तीन जनालाई पक्राउ गरेको छ । सुरक्षाका कारण उनीहरूको नाम सार्वजनिक नगरिएको प्रहरीले जनाएको छ ।

वीरगञ्जस्थित श्रीजंग नेपाली सेनाको टोलीले बरामद सुतली बम डिस्पोज गरेको जानकारी दिइएको छ ।

# ६ परिकार, जुन विश्वभर लोकप्रिय छन्



पास्ता इटालीको परम्परागत खाना हो । रोचक कुरा के भने, हजारौं प्रकारमा थरीथरी तरिकाले पकाइन्छ । लामो, सानो, गोलो वा चौडा–आकार अनुसार नाम फरक हुन्छ । विश्वभरका स्वादका पारखीहरूबीच बारम्बार चर्चा हुने केही खानेकुरा छन्, जसले देश, भाषा र संस्कृतिको सिमाना पार गरेर सबैको मन जितेका छन् । विभिन्न अन्तर्राष्ट्रिय स्रोत जस्तै, टेस्टएट्लास, सीएननहरूले गरेको सर्वेक्षणमा बारम्बार शीर्ष स्थानमा देखिने यी परिकारहरू केवल खाना मात्र होइनन्, आफ्ना देशको इतिहास, परम्परा र जीवनशैली बोकेका सांस्कृतिक धरोहर हुन् ।

इटालीको पिज्जा, पास्तादेखि जापानको सुशी, अमेरिकाको हयाम्बर्गर, मेक्सिकोको टाकोस र भियतनामको फो परिकार विश्वभर प्रायः सबैले चिनेका र कुनै न कुनै रूपमा स्वाद लिएका छन् । यी खानेकुराहरू फरक–फरक रूप र स्वादमा सडक किनारका साना स्टलदेखि पाँचतारे होटलसम्म पाइन्छन् ।

**१. पिज्जा (इटाली)**

संसारभरका मानिसको जिब्रोलाई लोभ्याउने परिकार हो, पिज्जा । तातो–तातो पिज्जाबाट आउने सुगन्धले नै यसको पारखीहरुमा भोकले जगाउँछ । साथीभाइसँग भेटघाट होस् वा परिवारसँगको समय पिज्जा धेरैको पहिलो रोजाइ हुन्छ । साधारण मार्गेरिटादेखि विभिन्न टपिङयुक्त विकल्पसम्म, पिज्जा सबै उमेरका मानिसको रुचिको परिकार बनेको छ । पिज्जा उत्पति इटालीको नेपल्स शहरबाट भएको मानिन्छ । सुरुमा पिज्जा विपन्न परिवारको साधारण खाना थियो, रोटीमाथि टमाटर र सानो चिज राखेर बनाइन्थ्यो ।

सन् १८८९ मा एक पिज्जा बनाउने व्यक्तिले इटालीकी रानी मार्गेरिटाको सम्मानमा रातो टमाटर, सेतो चिज र हरियो बेसिल राखेर विशेष पिज्जा बनाए । त्यसपछि यो झन् चर्चित भयो । दोस्रो विश्वयुद्धपछि यो अमेरिका पुग्यो र त्यहाँबाट विश्वभर फैलियो ।

**पिज्जाको स्वाद कस्तो ?**

पातलो र नरम बेसमाथि हल्का अमिलो टमाटर सस लगाइन्छ । माथि राखिएको मोजारेला चिज पग्लिएर तानिन्छ, जसले खाँदा मजा दिन्छ । तुलसीको हल्का सुगन्ध र जैतूनको तेलले थप स्वाद दिन्छ । तातो–तातो पिज्जा खाँदा बाहिर हल्का क्रन्ची र भित्र नरम अनुभव हुन्छ । अहिले मासु, तरकारी, मशरूमदेखि अनेकौं टपिङ हालेर बनाइन्छ ।

**२. सुशी (जापान)**

जापानको चर्चीत परिकार हो, सुशी । परिकार जापानी भए पनि अहिले विश्वभर लोकप्रिय छ । सुरुमा माछा बचाइराख्न चामलसँग राख्ने चलन थियो । पछि चामल र ताजा माछासँगै खाइने परिकार बनेको हो । समयसँगै सुशी सजिलो र छिटो खाने स्ट्रीट फुडको रूपमा विकास भयो । अहिले साना रेस्टुरेन्टदेखि ठूला होटलसम्म सुशी पाइन्छ ।

**सुशीको स्वाद कस्तो ?**

सुशीको स्वाद ताजापनमा आधारित हुन्छ । भिनेगर मिसाइएको चामल हल्का अमिलो र मिठो हुन्छ । माथि राखिएको काँचो माछा नरम र रसिलो हुन्छ । सोया ससमा हल्का डुबाएर खाँदा नुनिलो स्वाद आउँछ । वासाबीले नाकसम्म पुग्ने तिखोपन दिन्छ भने अचार गरिएको अदुवाले मुख सफा गर्छ । केही रोलहरूमा एभोकाँडो वा काँक्रा राखिन्छ, जसले क्रिमी र कुरकुरे स्वाद थप्छ । सुशी पेट हल्का तर सन्तुष्टि दिने खानेकुरा भएकोले धेरैको रोजाइमा पर्छ ।

**३. हयाम्बर्गर (अमेरिका)**

हयाम्बर्गर अमेरिकाको सबैभन्दा लोकप्रिय फास्ट फुड हो । यसको नाम जर्मनीको हयाम्बर्ग शहरबाट आएको भए पनि आजको स्वरूप अमेरिकामा विकास भएको हो । मासुको गोलो टुक्रा रोटीको बीचमा राखेर सजिलै खान मिल्ने भएकाले यो छिट्टै लोकप्रिय भयो । ठूला फास्ट फुड चेनहरूका कारण यो विश्वभर फैलियो ।

**हयाम्बर्गरको स्वाद कस्तो ?**

राम्रो हयाम्बर्गरमा हालिने रसिलो मासुको प्याटी मुख्य आकर्षण हुन्छ । ग्रिल गर्दा आउने धुवाँजस्तो सुगन्धले भोक बढाउँछ । टोस्ट गरिएको बन हल्का कुरकुरे हुन्छ । पग्लिएको चिज नरम र क्रिमी हुन्छ । लेटुस र टमाटरले ताजापन दिन्छ भने ससले मिठो–तिखो स्वाद थप्छ । एक टोकाइमै मासुको रस, चिजको नरमपन र तरकारीको क्रन्च मिसिन्छ । अहिले चिकेन, भेग र पनिर बर्गर पनि पाइन्छन् । सजिलो, पेटभर र स्वादिलो भएकाले हयाम्बर्गर सबै उमेरका मानिसले मन पराउँछन् ।

**४. पास्ता (इटाली)**

पास्ता इटालीको परम्परागत खाना हो । रोचक कुरा के भने, हजारौं प्रकारमा थरीथरी तरिकाले पकाइन्छ । लामो, सानो, गोलो वा चौडा–आकार अनुसार नाम फरक हुन्छ । पहिले साधारण गहुँको पिठोबाट बनाइन्थ्यो । पछि टमाटर सस र विभिन्न सामग्री मिसाएर अनेक स्वाद बनाइयो । आज पास्ता विश्वभर घरघरमा छिटो र मिठो पकाइने परिकार बनेको छ ।

**पास्ताको स्वाद कस्तो ?**

पास्ताको स्वाद ससमा भर पर्छ । टमाटर सस भएको पास्ता हल्का अमिलो र मिठासयुक्त हुन्छ । सेतो क्रिमी सस भएको पास्ता नरम र गाढा स्वादको हुन्छ । पेस्टो ससमा तुलसीको हरियो सुगन्ध आउँछ । राम्रो पास्ता न धेरै गलिएको न धेरै कडा–मध्यम नरम हुन्छ । सस र पास्ता राम्रोसँग मिसिएपछि प्रत्येक गाँस समान स्वाद आउँछ । माथि छर्किएको चिजले थप स्वाद दिन्छ ।

**५. टाकोस (मेक्सिको)**

टाकोस मेक्सिकोको प्रसिद्ध स्ट्रीट फुड हो । मकैको पातलो रोटी (टोर्टिला)भित्र विभिन्न सामग्री राखेर बनाइन्छ । धेरै वर्षअघि स्थानीय मानिसहरूले मकैको रोटीमा माछा वा मासु राखेर खाने गर्थे । समयसँगै यसमा नयाँ स्वाद थपिँदै गयो र अहिले विश्वभर लोकप्रिय भयो ।

**टाकोसको स्वाद कस्तो ?**

तातो गहुँको पिठोको डल्लाभित्र राखिएको ग्रिल्ड मासु रसिलो र सुगन्धित हुन्छ । माथि राखिएको सानो काटिएको प्याज र धनियाले ताजापन दिन्छ । कागती निचोर्दा हल्का अमिलो स्वाद आउँछ । साल्साले तिखोपन थप्छ । एक गाँस नरम रोटी, रसिलो मासु र तिखो सस मिसिन्छ । केही टाकोसमा चिकेन, माछा पनि विकल्प पनि हुन्छ ।

**६. फो (भियतनाम)**

फो भियतनामको चर्चित चाउचाउको सुप हो । यो तातो रसमा चामलबाट बनेको चाउचाउ र मासु राखेर बनाइन्छ । पहिले सडक वरपर बेचिने साधारण खाना थियो, तर अहिले विश्वभर चर्चित छ । धेरै मानिसले यसलाई सान्त्वना दिने खाना मान्छन् ।

**फोको स्वाद कस्तो ?**

फोको मुख्य स्वाद यसको तातो र सुगन्धित रसमा हुन्छ । लामो समय पकाइएको रस गहिरो र मिठासयुक्त हुन्छ । नरम चामलका चाउचाउ सजिलै चपाउन मिल्छन् । पातलो काटिएको मासु तातो रसमा नरम हुन्छ । माथि राखिने धनियाँ, तुलसी र कागतीले ताजापन दिन्छ । चाहिनेले खुर्सानी वा सस थप्न सक्छ । एक चम्चा रस पिउँदा शरीर न्यानो हुन्छ र मन सन्तुष्ट हुन्छ । हल्का तर पेटभरी हुने भएकाले फो धेरैको मनपर्ने परिकार बनेको छ । अनलाइन खबरबाट

# निर्वाचनमा सुरक्षा व्यवस्था चुस्त : 'आउटर' घेरामा सेना, 'कोर' घेरामा प्रहरी




काठमाडौं, २० फाल्गुन । सरकारले प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न एकीकृत सुरक्षा योजनाअन्तर्गत कडा सुरक्षा व्यवस्था मिलाएको बताएको छ । निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउतले गृह मन्त्रालयको समन्वयमा तयार पारिएको सुरक्षा योजना प्रभावकारी रूपमा कार्यान्वयनमा गइसकेको जानकारी दिएका हुन् ।

आयोगलाई प्राप्त जानकारीअनुसार देशभर रहेका कुल १० हजार ९६७ मतदान स्थलहरूलाई सुरक्षा संवेदनशीलताका आधारमा तीन भागमा वर्गीकरण गरिएको छ । विगतका निर्वाचनको सुरक्षा विश्लेषण र वर्तमान अवस्थाको मूल्यांकन गर्दै ३ हजार ६८० वटा मतदान स्थललाई 'अति संवेदनशील' सूचीमा राखिएको छ । त्यसैगरी, ४ हजार ४४२ वटा मतदान स्थललाई 'संवेदनशील' र २ हजार ८४५ वटा मतदान स्थललाई 'सामान्य' श्रेणीमा राखिएको छ ।

जम्मा १० हजार ९६७ मतदान स्थलहरुलाई बाँडफाँड गरिएको छ । राउतका अनुसार तीन घेरामा सुरक्षा प्रबन्ध रहन्छ । जुन विगतदेखि नै हुने गरेको अभ्यास हो । त्यसमा सबभन्दा 'आउटर' (बाहिरी) घेरामा नेपाली सेना त्यसपछि सशस्त्र प्रहरी बल र 'कोर' (भित्री) घेरामा भित्र नेपाल प्रहरीको रहने व्यवस्था छ । सचिव राउतले मतदान स्थलहरूको यो वर्गीकरण विशुद्ध रूपमा सुरक्षाकर्मी परिचालनको सहजता र सुरक्षा प्रबन्ध मिलाउनका लागि मात्र गरिएको पनि जानकारी दिए ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो । समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो । छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ ।

# कूटनीतिक पहल गरी नेपालीहरूलाई सुरक्षित रूपले स्वदेश फर्काउन माग

**मणिलाल विश्वकर्मा**

लहान, २० फाल्गुन। मध्यपूर्वको खाडी मुलुक इरानमाथि पाँच दिनअघि इजरायल र अमेरिकाले गरेको हमलामा सर्वोच्च नेता, सुरक्षा अधिकारी र सयौँ बालबालिका मारिएसँगै इरानले जवाफी हमला गर्न थालेपछि मध्यपूर्वका खाडी मुलुकमा रहेका नेपालीहरूले कूटनीतिक पहलको माध्यमबाट सुरक्षित र व्यवस्थित ढंगले स्वदेश फिर्ता गराउने तयारी अघि बढाउन माग गरेका छन्।

गैरआवासीय नेपाली संघ (एनआरएनए), अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसिसी) ले १ मार्चमा सम्पन्न भर्चुअल बैठकले पराराष्ट्र मन्त्रालयलाई मध्यपूर्वको पछिल्लो अवस्था र परिषद्को निर्णय बुझाउँदै इरानबाट मध्यपूर्वका सातवटा देशमा भारी संख्यामा बम वर्षा तथा क्षेप्यास्त्र प्रहार गरेकाले नेपालीहरूलाई सुरक्षित रूपले स्वदेश फर्काउन आग्रह गरेको हो। परिषद्का मध्यपूर्व संयोजक रमेश श्रेष्ठद्वारा बुझाइएको निर्णयमा आइसिसको अनुभव तथा स्रोत र साधनको उच्चतम् प्रयोगसहित नेपाल सरकार, परराष्ट्र मन्त्रालय, नेपाली राजदूतावासहरू, नेपाली कूटनीतिक नियोगहरूलाई अनुरोध गर्दै मध्यपूर्वमा रहेका गैरआवसीय नेपाली संघसम्बद्ध अभियन्ताहरूसँग प्रत्यक्ष समन्वय गरी २४ घण्टा हटलाइन सेवा सुरु गर्ने उल्लेख छ।

त्यसका साथै विश्वका विभिन्न देशहरूबाट नेपालका लागि हिँडेका र मध्यपूर्वमा ट्रान्जिट परेर रोकिएका नेपालीहरूलाई समेत समन्वय गरी सहजीकरण गर्ने, नेपालमा हुन गइरहेको प्रतिनिधिसभा निर्वाचन र संघको पूर्वघोषित निर्वाचनमा भाग लिन तय गरिएकाहरूको यात्रा रोकिएको उल्लेख गर्दै निर्णयमा भनिएको छ '१४–१६ मार्चमा काठमाडौंमा हुने भनिएको संघको निर्वाचन विकराल अवस्थाको विषयमा सञ्चालक समितिसँग छलफल गरी केही समय पर सार्न छलफल गरिएको छ।' नेपाल सरकार तथा परराष्ट्र मन्त्रालयले आफ्ना नागरिकहरूको सुरक्षालाई सर्वोच्च प्राथमिकतामा राखी समयमै आवश्यक कदम चालिनेमा आफूहरू विश्वस्त रहेको संघले जनाएको छ।

नेपालीहरूको प्रमुख वैदेशिक रोजगारी गन्तव्यका रूपमा रहेको मध्यपूर्व क्षेत्रमा पछिल्लो पाँच दिनदेखि शक्तिशाली राष्ट्रहरूबिच उत्पन्न युद्धजन्य परिस्थितिका कारण समग्र क्षेत्र तनावग्रस्त बन्दै गएको संघले जनाएको छ। संघका अनुसार जारी युद्धले संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया, कतार, ओमान, कुवेत, बहराइनलगायतका राष्ट्रहरूमा काम गरिरहेका करिब २० लाखभन्दा बढी नेपालीहरू प्रभावित छन्। भर्चुअल बैठकमा दुवै संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरूसहित यूएई, ओमान, कतार, साउदी अरेबिया, कुवेत, बहराइन, इराकसहित राष्ट्रिय समन्वय परिषद्का अध्यक्षहरू सहभागी रहेको जनाइएको छ।

**भोट बैंकको रूपमा लिएको आरोप**

संघको राष्ट्रिय समन्वय परिषद् कतारले अन्तर्राष्ट्रिय समुन्वय परिषद् (आइसिसी) ले मध्यपूर्व क्षेत्रलाई 'भोट बैंक'का रूपमा प्रयोग गर्दै आएको आरोप लगाएको छ। परिषद्का कतार अध्यक्ष कृष्ण पन्थीले मध्यपूर्वको अवस्था जटिल बन्दै गइरहेका वेलासमेत आइसिसी प्रतिनिधि (डेलिगेट्स) छनोट प्रक्रियामै केन्द्रित रहेको आरोप लगाउँदै उनले यसले मध्यपूर्व क्षेत्रलाई जहिल्यै भोट बैंकको रूपमा मात्र प्रयोग गर्दै आएको पुष्टि भएको औँल्याए।

'पछिल्लो २८ फेब्रुअरीदेखि मध्यपूर्वको अवस्था तनावपूर्ण बन्दै गएको छ, तर आइसिसी डेलिगेट्स छनोट गर्न र कोही छुटेको भए छिटो पठाउनुस् मात्र भन्दै आएको छ,' उनले भने, 'यस्तो संवदनशील अवस्थामा डेलिगेट्सको छनोटमै अल्झिरहेको एनआरएनएको मध्यपूर्वलाई हेर्ने नजरिया प्रमाणित भएको छ।' पूर्वघोषित मितिमै अधिवेशन सम्पन्न गर्न आतुर आइसिसीको भूमिका मध्यपूर्वमा कार्यरत लाखौं नेपाली श्रमिकहरूको भावनामाथि खेलबाड गर्नु खेदजनक रहेको उनले बताए।

# मतदानअघिको मत सर्वेक्षणप्रति निर्वाचन आयोगको आपत्ति

काठमाडौँ, २० फाल्गुन। मतदान अगाडिको मत सर्वेक्षणप्रति निर्वाचन आयोगले आपत्ति जनाएको छ। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मतदान अगाडि गरिने कुनैपनि प्रकारका मत सर्वेक्षण र त्यसका आधारमा गरिने हारजितको घोषणाप्रति आपत्ति जनाएका हुन्। यस्ता गतिविधि कानुन र आचारसंहिता विपरीत रहेको भन्दै यसलाई सदाका लागि अन्त्य गर्ने अठोट आयोगले लिएको बताएका छन्। मतदाताले मत खसाल्नै नपाईकन बाहिरबाटै परिणाम घोषणा गर्ने परिपाटीप्रति आयोग संवेदनशील रहेको उनले बताए। उनका अनुसार यस विषयमा आयोगले प्रेस काउन्सिल नेपालसँग पनि संवाद गरिसकेको छ। उनको प्रश्न छ, 'मत सर्वेक्षण गर्न पाइँदैन, कानुनले निषेध गर्छ, आचारसंहिताले निषेध गर्छ। तर जबर्जस्त कुनै सञ्चार क्षेत्रबाट मत सर्वेक्षण गरेर फलानोले जित्यो र फलानोले हार्‍यो भनेर आफैँ घोषणा गरिदिने हो भने निर्वाचन आयोगको काम के रह्यो ?'

कानुनले निषेध गरेको कुरालाई कसैले मान्दिनँ भन्न नपाउने भन्दै उनले यस्ता गतिविधिमा संलग्न नहुन सबैलाई आग्रह गरेका छन्।

# चुनाव बिथोल्ने कुनै तत्व छैन : निर्वाचन आयोग

निर्वाचन आयोगले चुनाव बिथोल्ने कुनै तत्व नरहेको उल्लेख गर्दै ढुक्क भएर मतदान गर्न आग्रह गरेको छ।



काठमाडौँ, २० फाल्गुन। निर्वाचन आयोगले चुनाव बिथोल्ने कुनै तत्व नरहेको उल्लेख गर्दै ढुक्क भएर मतदान गर्न आग्रह गरेको छ। निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन बिथोल्ने कुनै भूमिगत तत्वको पहिचान हालसम्म नभएको र सुरक्षाको सम्पूर्ण जिम्मा सरकारले लिएको बताएका हुन्। आयोगमा बुधवार आयोजित पत्रकार सम्मेलनका क्रममा उनले यस्तो बताएका हुन्। उनले अगाडि भनेका छन्, 'पुरानो सत्ताबाट नयाँ सत्ताले सरकार गठन गरेर घोषणा भएको यो निर्वाचनमा सुरक्षाको संशय शुरुदेखि नै थियो। सरकार सुरक्षाको सन्दर्भमा बढी संवेदनशील भएर सुरक्षाकर्मी परिचालन भएको होला तर यो नराम्रो लक्षण होइन।'

निर्वाचनको पूर्वसन्ध्यामा सडकमा बाक्लो रूपमा सुरक्षाकर्मी परिचालन हुनुलाई निर्वाचन आयोगले सकारात्मक र राम्रो लक्षणको रूपमा लिएको पनि उनले बताए। भण्डारीले सुरक्षाकर्मीको बाक्लो उपस्थिति अति संवेदनशील अवस्थाको संकेत नभई भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउने सरकारको प्रतिवद्धता भएको बताए। उनले सम्भावित घटनाहरूलाई बेलैमा पहिचान गरी नियन्त्रण गर्न र शान्तिपूर्ण वातावरण तय गर्न सुरक्षाकर्मी खटिएको पनि बताए।

यस पटकको प्रतिनिधि सभा सदस्य निर्वाचनमा मतदान प्रतिशत बढ्ने अनुमान पनि उनको छ। नयाँ मतदाता र युवाहरूको प्रवेशले मतदान प्रतिशत बढ्ने र प्रभावकारी निर्वाचन शिक्षाका कारण बदर मतको प्रतिशत उल्लेख्य रूपमा

# मतदान स्थलमा मतदाताका लागि स्वागत ब्यानर




**प्रवीणकुमार शर्मा**

रौतहट, २० फाल्गुन। प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ मा मतदातालाई मतदानका लागि आकर्षित गर्न मतदान स्थलमा स्वागत ब्यानर झुन्ड्याइएको छ। मतदाता मैत्री बुथ बनाउने उद्देश्यले मतदान स्थलमा स्वागत ब्यानर झुन्ड्याइएको रौतहट निर्वाचन क्षेत्र नं. १ अन्तर्गत गौर–३ मा रहेको सिँचाइ सव डिभिजन कार्यालयमा रहेको मतदान केन्द्र (क) का मतदान अधिकृत तिलकुमारी ढकालले बताउनुभयो।

बिहीबार बिहान ७ बजेदेखि सुरु हुने मतदानका लागि बुथ निर्माणको काम सम्पन्न भएको बताउनु हुँदै मतदान अधिकृत ढकालले महिला, पुरुषका लागि छुट्टाछुट्टै लाइन रहने बताउनुभयो। अशक्त मतदाता समेतलाई लाइनमा बस्नु नपर्ने उहाँको भनाइ रहेको छ निर्वाचन कर्मचारीले मतदानको दिन गर्नु पर्ने कार्यको जिम्मेवारी सुम्पिएको बताउनु हुँदै मतदान अधिकृत ढकालले मतदातालाई विनम्र भएर व्यवहार गर्न सबै निर्वाचन कर्मचारी, स्वयंसेवकलाई निर्देशन दिएको भन्नुभयो।

प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि मतदान केन्द्रमा प्रवेश गर्ने मतदातालाई सलाई, लाइटर, प्रज्वलनशील ठोस वा तरल पदार्थ, फोटो खिच्ने क्यामेरा, मोबाइल वा अन्य निषेधित वस्तुहरू नलिई प्रवेश गर्न उहाँले आग्रह गर्नुभयो। रौतहटमा २७७ मतदान स्थल रहेकोमा १५२ वटा मतदान स्थल अति संवेदनशील ,सय वटा मतदान स्थल संवेदनशील र २५ वटा मतदान स्थल सामान्य रहेको छ।

मतदान केन्द्र र स्थलको सुरक्षाका लागि तीन घेरामा सुरक्षा निकाय परिचालन हुने छन्।पहिलो घेरामा निर्वाचन सुरक्षा प्रहरी, गुप्तचर, नेपाल प्रहरी खटिने छन्। त्यसभन्दा बाहिरको घेरामा सशस्त्र प्रहरी बलको टोली खटिने छ। सबैभन्दा बाहिर नेपाली सेना परिचालन हुने छ।

# मतगणनास्थलमा तारजाली र सिसी क्यामेरा जडान

**प्रवीण कुमार शर्मा**



रौतहट, २० फाल्गुन। रौतहटका चार वटै निर्वाचन क्षेत्रमा मतगणनाका लागि मतगणनास्थल तयार पारिएको छ। मतगणनाका लागि सिसी क्यामेरा, तारजाली सहित लाइट, ,साउण्डको व्यवस्था सहित मतगणनास्थल तयार पारिएको जिल्ला निर्वाचन कार्यालय रौतहटले जनाएको छ। फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा सदस्य निर्वाचनको मतगणनाका लागि निर्वाचन क्षेत्र नं.१ को लागि जुद्ध माध्यमिक विद्यालय , क्षेत्र नं. २ को लागि ब्रह्मज्योती माध्यमिक विद्यालय लौकाहा ,क्षेत्र नं.३ को लागि जनता माध्यमिक विद्यालय कटहरिया र क्षेत्र नं.४ को लागि जनज्योति बहुमुखी क्याम्पसमा मतगणनास्थल तयार गरिएको जिल्ला निर्वाचन कार्यालय रौतहटका प्रमुख छोटेलाल दाशले जानकारी दिनुभयो।

मतगणनालाई व्यवस्थित, छिटो र सुरक्षित बनाउनका लागि मतगणना स्थललाई तारजालीले बार्नका साथै सिसी क्यामेरा जडान गरिएको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ४ चन्द्रनिगाहपुरका निर्वाचन अधिकृत उद्धव ढोडारिले बताउनुभयो। उहाँका अनुसार तारजालीभित्र मत गणक कर्मचारी बस्ने र तारजालीको बार बाहिरबाट उम्मेदवारका प्रतिनिधिले हेर्ने व्यवस्था मिलाइएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)